604/329

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ८७/२०७१/०७२

निर्णय नं.३२१

जिल्लो धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, काठमाण्डौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल.............................................................१ निवेदक

विरूद्ध

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, बारा.............................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, बारा.............................................१

विषय :- लगत कट्टा गर्नु ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भै हाल फ्रिडम फोरम, थापाथली, पो.व.नं. २४२९२ काठमाडौं बस्ने वर्ष ३२को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगबाट मिति २०७१।०८।२९ मा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भएको । आयोगको आदेश पश्चात जिल्ला प्रशासन कार्यालयको मिति २०७२।०४।२८ च.नं. ८६४ को पत्रबाट प्रमुख जिल्ला अधिकारी पदेन संयोजक/अध्यक्ष रहने समितिहरुको विवरण निवेदकलाई दिईएको बोधार्थ पत्र यस आयोगमा प्राप्त हुन आएको देखिंदा प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम् ।